# नेपाल दूरसंचार कम्पनी लि.

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५ को नियम २२(२) संग सम्बन्धित

## आ.व. २०६६।६७ को दोश्रो त्रैमासिक प्रतिवेदन

### १. वित्तीय विवरण

आ.व. २०६६।६७ को दोश्रो त्रैमासिक अवधिको वित्तीय विवरण अनूसुची १ मा संलग्न गरिएको छ ।

### २. व्यवसायको विकास सम्बन्धमा व्यवस्थापनको धारणा

कम्पनीले प्रदान गरिरहेका सेवाहरुको ब्यापक बिस्तार भैरहेको हुंदा लक्ष्य अनुसार कम्पनीको आम्दानी भएको छ । कम्पनीको तरलताको अवस्था सन्तोषजनक रहेको छ ।

### ३. कानूनी कारवाही सम्बन्धी विवरण

चालु त्रैमासिक अवधिमा कम्पनीको विरुद्ध विभिन्न ३ (तिन) वटा मुद्धाहरु दायर भएका छन् ।

### ४. कम्पनीको शेयर कारोवार सम्बन्धी विश्लेषण

दोश्रो त्रैमासिक अवधिमा कारोवार भएको ५७ दिनमा कूल कारोवार संख्या ५२२ मार्फत जम्मा १,५१,६१० कित्ता शेयरको खरिद विक्री भएको छ । सो वीचमा प्रति कित्ता शेयरको मूल्य अधिकतम रु. ५५० तथा न्यूनतम रु.४९० मा कारोवार भै त्रैमासिक अवधिको अन्तिम मूल्य रु. ४९९ कायम भएको छ ।

### ५. कम्पनीले सामना गरेका समस्या तथा चुनौतीहरु

**क) वाह्य चुनौतीहरु**

- बजार प्रतिस्पर्धा
- विश्वव्यापी रुपमा भईरहेको प्रविधिको बिकास
- अर्न्तराष्ट्रिय आगमन कलमा भैरहेको गैर कानूनी कारोवार
- ग्राहकहरुको रुची र छनौटमा आएको परिवर्तन
- राष्ट्रिय संकटको रुपमा रहेको लोडसेडिङ

**ख) आन्तरिक चुनौतीहरु**

- कर्मचारीहरुको कार्य शैलीमा परिवर्तन गर्ने
- सेवाहरुको विस्तार तथा गुणस्तरमा बृद्धि गर्ने

**ग) चुनौती समाधान गर्न व्यवस्थापनले अवलम्बन गरेको रणनीति**

- देशको सबै भागमा विशेष गरी अर्धशहरी क्षेत्र र ग्रामिण क्षेत्र लगायतका नेपालको सबै भेगमा स्तरीय प्रविधिको दूरसंचार पूर्वाधार खडा गरी सर्वसुलभ सेवा प्रदान गर्ने ।
- शहरी क्षेत्रको प्रतिस्पर्धात्मक अवस्थालाई दृष्टिगत गरी ADSL, Broadband Internet, NGN (Next Generation Network) जस्ता नंया प्रविधि मार्फत थप सेवा सुविधाहरु उपलब्ध गराउने ।
- हाल सञ्चालनमा रहेका सेवा समेतमा विभिन्न Value Added Services थप गर्दै लैजाने ।
- सेवाको गुणस्तर तथा कार्यमूलक सूचकांक निर्धारण गरी कार्यान्वयन गर्ने ।
- आन्तरिक तथा बाह्य तालीम प्रदान गरी कर्मचारीहरुको कार्यशैलीमा परिवर्तन ल्याउने ।

**६. संस्थागत सुशासन**

संस्थागत सुशासन अभिबृद्धिका लागि नागरिक वडापत्र कार्यान्वयन, केन्द्रीय स्तरमा सुशासन इकाइको गठन, कर्मचारीहरुको आचारसंहिता लागू भएको । कम्पनीको Web Site मार्फत ग्राहकबर्ग तथा सर्वसाधारणमा कम्पनीको महत्वपूर्ण सूचना तथा जानकारी अद्यावधिक रुपमा उपलब्ध गराउदै पारदर्शिता आर्थिक अनुशासन कायम गरी उच्चस्तरको संस्थागत शुशासनको अवलम्वन गर्ने ।

७. आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

प्रवन्ध निर्देशक
नेपाल दूरसंचार कम्पनी लि.